नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:सार्वजनिक शान्ति बिरुद्धको कसूर ।

मि.नं.-६१४ , दायर मिति-:२०८०-०२-१८

फैसला मिति-२०८०-०४-१८

वादी

प्रहरी प्रतिवेदनले नेपाल सरकार-------------१

प्रतिवादी

भारत बिहार जिल्ला पुर्वी चम्पारण सुगौली वडा नं. ६ नायक टोल घर भई हाल जिल्ला पर्सा बीरगंज म.न.पा. वडा नं. ७ माईतीघरमा बस्ने बर्ष ४० की मन्जुदेवी समेत ८ जना -------------------------------१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले बादविवाद गर्दै बिभिन्न किसिमका गाली गलौज एवं हातपात समेत गरी प्रहरी काम कर्तव्यमा बाधा अवरोध पुर्‍याई अभद्र व्यवहार गरेको भन्ने प्रहरी प्रतिवेदन।

२. बादविवाद गर्दै बिभिन्न किसिमका गाली गलौज एवं हातपात समेत गरी प्रहरी काम कर्तव्यमा बाधा अवरोध पुर्‍याई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. बादविवाद गर्दै बिभिन्न किसिमका गाली गलौज एवं हातपात समेत गरी प्रहरी काम कर्तव्यमा बाधा अवरोध पुर्‍याई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका निर्मला राना मगर समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा मिति २०८०।०२।११ गते अं. १७:३० बजेको समयमा जिल्ला पर्सा बी.म.न.पा.१६ बसपार्क स्थित चालिसफिटे सडकमा प्रतिवादी मन्जु देवी, मुस्कान देवी, सन्ध्या महतो, ईशा लामा, रेश्मा चौधरी, बिनोद मुखिया, कमलेश कुमार र सतीश कुमार समेतले हो-हल्ला गरेको कुराको जानकारी पाई उक्त स्थानमा प्रहरी टोली खटिई जाँदा निज प्रतिवादीहरुले हो-हल्ला गरी अशान्ती मच्चाई रहेको अवस्थामा फेला पारी माथी उल्लेखित प्रतिवादीहरुलाई प्रहरी टोलीले सम्झाई बुझाई गर्दा प्रतिवादी मन्जु देवी लगायतका प्रतिवादीहरुले प्रहरी टोलीसँग बादविवाद गरी बिभिन्न किसिमका गाली गलौज एवं हातपात समेत गरी प्रहरी काम कर्तव्यमा बाधा अवरोध पुर्‍याएकोले प्रतिवादीहरुलाई पक्राउ गरेको भन्ने घटनास्थल मुचुल्का तथा प्रहरी प्रतिवेदन रहेको, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान तथा प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादीहरु मन्जुदेवी, मुस्कान देवी, सन्ध्या महतो, ईशा लामा, रेश्मा चौधरी, बिनोद मुखिया, कमलेश कुमार र सतीश कुमारलाई जरिवाना जनही रु ६,०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादीहरु मन्जुदेवी, मुस्कान देवी, सन्ध्या महतो, ईशा लामा, रेश्मा चौधरी, बिनोद मुखिया, कमलेश कुमार र सतीश कुमार लाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०२-१९ गते र.नं. ८७९,८८०,८८१,८८३,८८४,८८२,८८५,८८६ बाट दाखिला गरेको धरौटी रकम जनही रु ६,०००।- बाट जरिवाना रकम जनही रु ७,००० कट्टा गरि मिनाहा गर्नु।----------------------------------------------------------------------------------------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीहरुलाई पुनरावेदनको म्याद दिनु--------------------------------------------------------------------------------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल श्रावण महिना १८ गते रोज ५ शुभम् ........................